आज मिति २०७७ साल भाद्र २७ गते शनिवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण वहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७७।०५।२७ गतेको नगर कार्यपालिकाको वैठकको निर्णय

## प्रस्तावहरु

१. सेवा करारमा नियुक्तिको लागि स्टाफ नर्स पदमा विज्ञापन गर्ने सम्वन्धमा ।

२. सेवा करारमा नियुक्तिको लागि सूचना प्रविधि अधिकृत पदमा विज्ञापन गर्ने सम्वन्धमा ।

३. प्रधानमंत्री रोजगार कार्यक्रमको योजना विनियोजन गर्ने सम्वन्धमा ।

४. पर्यटन मन्त्रालयको लागि योजना पेश गर्ने सम्वन्धमा ।

५. सेवा करारमा नियुक्तिको लागि प्राविधिक सहायक पदमा विज्ञापन गर्ने सम्वन्धमा ।

६. न्यायिक समितिको कार्यालयको लागि तामेलदार नियुक्त गर्ने सम्वन्धमा ।

७. कोभिड -१९ अस्थायी अस्पताल सञ्चालन तथा जनशक्ति व्यवस्थापन सम्वन्धमा ।

८. विपदबाट क्षति भएको भौतिक पूर्वाधारहरुको विवरण सम्वन्धमा ।

९. झोलुगे पुल आयोजनाको स्थान संसोधन गर्ने सम्वन्धमा ।

१०. म्याचिंग रकम विनियोजन गर्ने सम्वन्धमा ।

११. सडक निर्माणको लागि बजेट माग गर्ने सम्वन्धमा ।

१२. स्वास्थ्य सम्वन्धी योजनाहरु माग गर्ने सम्वन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : नलगाड नगरपालिकाका जनताको दैनिक स्वास्थ्य सम्बन्धी समस्याहरुमा सहजीकरण गर्न, स्थानीय स्वास्थ्य सेवालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाउन, सुरक्षित मातृत्व सेवालाई स्थानीय स्तरमा नै नागरिकमैत्री बनाउन नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा कामकाज गर्ने गरी एक जना स्टाफ नर्स (पाँचौ तह) करार सेवामा नियुक्तिको लागि विज्ञापन गर्ने साथै निजको तपसिल बमोजिम सेवा सुविधा नेपाल सरकारको सशर्त अनुदानबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं. | सेवा सुविधाको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | तलब भत्ता | २८,२००।० | मासिक |
| २ | महंगी भत्ता | २,०००।० | मासिक |
| ३ | पोशाक भत्ता | १०,०००।० | वार्षिक |

<u>निर्णय नं. २</u> : नलगाड नगरपालिकाका सूचना प्रविधि सम्बन्धी समस्याहरुमा सहजीकरण गर्न, स्थानीय तहको सूचना प्रविधि र सेवालाई व्यवस्थित तथा प्रभावकारी बनाउन नलगाड नगर कार्यपालिका कार्यालयमा कामकाज गर्ने गरी एक जना सुचना प्रविधि अधिकृत (छैठौ तह) करार सेवामा नियुक्तिको लागि विज्ञापन गर्ने साथै निजको २५ प्रतिशत सेवा सुविधा स्थानीय तहबाट भुक्तानी गर्ने र बाँकी ७५ प्रतिशत सेवा सुविधा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) बाट भुक्तानी हुने गरी तपसिल बमोजिम सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

| क.स. | सेवा सुविधाको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | तलव भत्ता | ३५,९९०।० | मासिक |
| २. | स्थानीय भत्ता | ८,८००।० | मासिक |
| ३. | पोशाक भत्ता | १०,०००।० | वार्षिक |

<u>निर्णय नं. ३</u> : नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७/७८ को लागि सशर्त अनुदान वापत प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रमबाट तपसिल बमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं | आयोजनाको नाम | निर्माण स्थल | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री शिवशंकर आ.वि.को भवन तथा शौचालय मर्मत | वडा नं. १ | ५,००,००० | |
| २. | कैलाशी मन्दिर निर्माण योजना | वडा नं. २ | ४,००,००० | |
| ३. | स्यालपाटा सार्कीवारा खा.पा. निर्माण योजना | वडा नं. ४ | ५,००,००० | |
| ४. | हारेकाफल काठेपुल र काठेपुल देखि लविसा पानी धारा घोरेटो बाटो निर्माण योजना | वडा नं. ५ | ४,००,००० | |
| ५. | श्री निर्मलज्योति आ.वि. विद्यालय भवन निर्माण | वडा नं. ६ | ४,००,००० | |
| ६. | भलखाली खानेपानी निर्माण योजना | वडा नं. ७ | ५,००,००० | |
| ७. | श्री सूर्यकिरण प्रा.वि. भवन निर्माण योजना | वडा नं. ८ | ४,००,००० | |
| ८. | साउनेखोला काठेपुल र कोठिसल्ला होर्क बाटो मर्मत | वडा नं. १० | ४,००,००० | |
| ९. | श्री युवावर्ष प्रा.वि.सिढी निर्माण योजना | वडा नं. ११ | ४,००,००० | |
| १०. | श्री वीरेन्द्र हिमालय मा.वि. घेरावार निर्माण योजना | वडा नं. १२ | ४,००,००० | |
| ११. | श्री जनसेवा प्रा.वि. रुप घेरावार निर्माण योजना | वडा नं. १३ | ४,००,००० | |
| १२. | श्री भोजाखोला देखि बास्कोटसम्म बाटो निर्माण | वडा नं. ९ | ४,००,००० | |
| १३. | कन्टिन्जेन्सी रकम रु. | नगरक्षेत्र | ७०,००० | |
| | जम्मा रु. | | ५१,७०,००० | |

निर्णय नं. ४ : संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको मिति २०७७।०५।०२ गतेको प्रस्ताव बमोजिम यस नगरपालिकाबाट तपसिलका योजनाहरुमा ३५ प्रतिशत लागत साझेदारीमा तपसिल बमोजिम योजनाहरु छनौट गरी बजेट विनियोजनको लागि अनुरोध सहित पठाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं | आयोजनाको नाम | निर्माण स्थल | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|
| १. | खान्टाकुरा शहिद स्मृति भवन निर्माण योजना | वडा नं. ५ | १,५०,००,००० | |
| २. | भगवती मन्दिर निर्माण योजना | वडा नं. १२ | १,५०,००,००० | |
| ३. | शहिद पार्क भवन निर्माण योजना | वडा नं. ४ | १,५०,००,००० | |

निर्णय नं. ५: नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७६।७७ देखि सञ्चालनमा रहेको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ (NCCSP-2) कार्यक्रमबाट तलवभत्ता भुक्तानी गर्ने गरी एकजना प्राविधिक सहायक (पाँचौ तह) करार सेवामा नियुक्तिको लागि विज्ञापन गर्ने साथै निजको तपसिल बमोजिम सेवा सुविधा सोही कार्यक्रमबाट उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | सेवा सुविधाको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | तलव भत्ता | २८,२००।० | मासिक |
| २. | स्थानीय भत्ता | ५,५००।० | मासिक |
| ३. | पोशाक भत्ता | १०,०००।० | वार्षिक |

निर्णय नं. ६: नलगाड नगरपालिकाको न्यायिक समितिको कार्यालयमा रही कामकाजमा सहजीकरण गर्न एक जना तामेलदार (सहायक चौथौ सरह) नियुक्त गर्नुपर्ने भएको हुदाँ नलगाड नगरपालिकामा कार्यरत श्रेणीविहिन कर्मचारीहरुबाट दरखास्त आव्हान गरी शैक्षिक योग्यता, कार्य अनुभव, स्थानीयता र माथिल्लो तहको शैक्षिक योग्यता समेतको आधारमा करार कर्मचारी छनौट समितिलाई जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७:** नलगाड नगरपालिकामा कोरोना संक्रमण, रोकथाम तथा नियन्त्रणमा सहजीकरण गर्न, आईसोलेशनलाई व्यवस्थित तथा प्रभावकारी गराउने उदेश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १२६ मिति २०७७।०५।२३ पत्रानुसार नलगाड नगरपालिकामा ५ शैयाको कोभिड-१९ अस्थायी अस्पताल स्थापना गर्ने र स्थानीय तहमा कोभिड-१९ सम्वन्धी अस्पताल सञ्चालन सम्वन्धी मार्गदर्शन, २०७७ बमोजिम नलगाड नगरपालिकामा सञ्चालन हुने ५ शैयाको कोभिड-१९ अस्थायी अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने चिकित्सक १ जना (करार सेवामा नियुक्ति भई तलव भत्ता यसै कार्यक्रमबाट भुक्तानी गर्ने) एकजना स्टाफ नर्स (पाँचौ तह), एकजना अ.न.मी. (चौथो तह) र एकजना कार्यालय सहयोगी ३ महिनाको लागि करार सेवामा नियुक्तिको लागि विज्ञापन गर्ने साथै निजको तपसिल बमोजिम सेवा सुविधा उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | पद विवरण | मासिक तलव रु. | स्थानीय भत्ता | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्टाफ नर्स (पाँचौ तह सरह) | २८,२००।० | ५,५००।० | ३३,७००।० | मासिक |
| २. | अ.न.मी. (चौथो तह सरह) | २६,६१०।० | ४,६००।० | ३१,२१०।० | मासिक |
| ३. | कार्यालय सहायक (श्रेणीविहिन) | १८,०००।० | २,०००।० | २०,०००।० | मासिक |

**निर्णय नं. ८:** नलगाड नगरपालिकामा मिति २०७७।०३।०४ गते देखिको अविरल वर्षाको कारणले सिर्जित विपदबाट तपसिलमा उल्लेखित भौतिक पूर्वाधारका योजनाहरुमा क्षति भएकोले विवरण सहित उक्त योजनाहरुमा रकम विनियोजन तथा पुनःनिर्माणको लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारका सम्वन्धित निकायमा लेखी पठाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं | आयोजनाको नाम | क्षति स्थल | कैफियत |
|---|---|---|---|
| १. | रुप्रेखोला लघु जलविद्युत आयोजना मर्मत | वडा नं. २ | |
| २. | सांटा भेरीखोला ल.ज.वि. मर्मत योजना | वडा नं. ३ | |
| ३. | बागमारे खोला ल.ज.वि. आयोजना कुलो मर्मत र उपकरण खरिद | वडा नं. ४ | |
| ४. | कुमराखोला ल.ज.वि. आयोजना मर्मत योजना | वडा नं. ५ | |
| ५. | भेरीखोला चोक्खोला सिचाई आयोजना मर्मत | वडा नं. १ | |
| ६. | श्री जनविकास आ.वि. रावतगाउँ विद्यालय मर्मत | वडा नं. १० | |
| ७. | श्री लक्ष्मी प्रा.वि. दुवाना विद्यालय निर्माण योजना | वडा नं. १३ | |

| | | | |
|---|---|---|---|
| ८. | परिवगर देखि खोलि बजार जोड्ने पुल निर्माण | वडा नं. १३ | |
| ९. | भेरीखोला ल.ज.वि. आयोजना मर्मत योजना | वडा नं. १३ | |
| १०. | चामाखेत भेरीनदी तटवन्धन निर्माण | वडा नं. ७ | |
| ११. | श्री जनप्रिय प्रा.वि. पिउली भवन मर्मत योजना | वडा नं. ६ | |
| | **जम्मा रु.** | | |

**निर्णय नं. ९ :** नेपाल सरकारबाट आ. व. २०७७७८ मा कार्यान्वयन हुने गरी नलगाड नगरपालिका वडा नं. ८ को आठविसकोट मैदे झोलुंगे पुल निर्माणको लागि रु. ३० लाख बजेट विनियोजन भएकोमा उक्त स्थानमा पहिले नै पुल निर्माण भई सकेकोले उक्त पुललाई नलगाड न.पा. वडा नं. ५ को गेरेनी र वडा नं. ७ को डावमा स्थानान्तरणको लागि सम्वन्धित निकायसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** नलगाड नगरपालिका र विश्व खाद्य कार्यक्रमसँगको सहकार्यमा संचालित एकिकृत समाज नेपालले संचालन गरेको शिक्षाको लागि खाद्य परियोजना (दिवा खाजा कार्यक्रम) को सहकार्यमा नलगाड नगरपालिका क्षेत्रका ४३ ,विद्यालयहरुको सरसफाई सम्वन्धी धारा निर्माणको लागि प्रति विद्यालय १०,०००।० दश हजारको दरले ४३ विद्यालयको लागि जम्मा रु. ४,३०,०००।० अक्षरुपी चारलाख तीस हजारमात्र समपुरक रकमबाट म्याचिंग स्वरुप विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११:** नलगाड नगरपालिका वडा नं. ४ को खान्टाकुरा द्वामद्वामे देखि जुम्ले सल्ली मच्छर पानी माया डाँडा दाँतेओखर सम्म कृषि रोड निर्माण सडक निर्माणको लागि संघीय सरकार र कर्णाली प्रदेश सरकारको सम्वन्धित निकायमा बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** नलगाड नगरपालिको वडा नं. ११ को रजिकमा सामुदायिक स्वास्थ्य एकाई स्थापना तथा सञ्चालन र वडा नं. ११ को स्वास्थ्य चौकी चौखामा एकजना ल्याव टेक्नीयिनको दरवन्दी मागको लागि कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयसँग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरीयो ।

नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत